# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७६।०१।०९ गते

## प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको ।

-----------------------------------------------------

नेपाल जनता प्राथमिक विद्यालय, नवलपरासीका प्रधानाध्यापक अर्जुनप्रसाद यादवले शैक्षिक योग्यताको प्रमाणपत्र नक्कली बनाई पेश गरी कार्यरत रहेको भन्ने व्यहोराको उजुरी सम्बन्धमा अनुसन्धान हुँदा निज अर्जुनप्रसाद यादवले माध्यमिक शिक्षा परिषद, उत्तरप्रदेश, भारतबाट High School उत्तीर्ण गरेको झुट्ठा शैक्षिक योग्यताको प्रमाण-पत्र पेश गरी शिक्षक पदमा बहाल रही लाभ समेत लिएको देखिँदा निजको उक्त कार्य साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) अनुसारको कसुर देखिएको हुँदा निज अर्जुनप्रसाद यादवलाई साविक भ्रष्टाचार निवारण ऐन २०१७ को दफा १२ र दफा २९ को उपदफा (२) तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिम सजाय हुन मागदाबी लिई आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(प्रदीपकुमार कोइराला)
प्रवक्ता